स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निश्चल बस्नेत निर्देशित 'दिमाग खराब'लाई केन्द्रीय चलचित्र जाँच समितिले युनिभर्सल प्रमाणपत्रसहित प्रदर्शन अनुमति दिएको छ । बोर्डले फिल्मको रनटाइम २ घण्टा २९ मिनेट ३१ सेकेण्ड तय गरिदिएको छ । फिल्मको कदृश्य र संवादमा समितिले आपत्ति जनाएको छैन । निश्चलका अघिल्ला फिल्मका केही दृश्य र संवादमा बोर्डले आपत्ति जनाएको थियो । ६ वर्षपछिको पुनरागमनमा भने निश्चललाई समितिबाट राहत मिलेको छ ।

**आजको विचार...**



डलर...
(दुई पेजमा)

लोकनारायण सुवेदी



नायिका बेनिशा हमालले रेखा थापाको फिल्म 'उपहार'मा आफ्नो बोल्डनेसको वास्ना फैलाएकी छिन् । 'वाह वाह वाह' गीतमा बेनिशा वास्तवमै बोल्ड देखिएकी छन् । सार्वजनिक गीतमा बेनिशाका डान्स स्टेप्स सेक्सी लाग्छन् । गीतमा उनको जोडीको रुपमा तेज गिरी प्रस्तुत छन् । बेनिशा 'उपहार'को प्रेसमिटमा पनि बोल्ड बनेर उपस्थित भएकी छन् । ब्लकबस्टर फिल्म 'छक्का पञ्जा ४' की हिस्सेदार बेनिशा पछिल्लो समय फिल्ममा व्यस्त छिन् । 'उपहार'मा उनको गहकिलो भूमिका छ ।

❐ वर्ष २९ ❐ अंक १०६ ❐ २०८० कार्तिक २२ गते बुधबार 8 November 2023, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### काँग्रेसले गर्‍यो ५० लाख सहयोग

**पाल्पा,** कार्तिक २१/नेपाली काँग्रेसले जाजरकोट भूकम्प प्रभावितको उद्धार, राहत र पुनर्स्थापनाका लागि पार्टीका तर्फबाट सरकारलाई ५० लाख उपलब्ध गराएको छ । काँग्रेसले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम सहयोग गरेको हो ।

काँग्रेसका सभापति शेरबहादुर देउवासहितको पदाधिकारीहरुको प्रतिनिधि मण्डलले मंगलबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई बालुवाटारमा भेटी उक्त रकम बराबरको चेक हस्तान्तरण गरेको छ । काँग्रेसले भूकम्पपछिको खोज र उद्धारमा प्रधानमन्त्रीको तदारुकता र तत्परताको प्रशंसा पनि गरेको छ । कांग्रेसले राहत र पुन:निर्माणका लागि अनुभवी कर्मचारी परिचालन, अस्थायी आवासको व्यवस्था, उद्धार र पुन:स्थापनामा एकद्वार प्रणाली अनुसरण गर्दा प्रदेश सरकार र स्थानीय सरकारलाई नै नेतृत्वदायी भूमिका दिई संघीय सरकारको अनुगमन र सहजीकरणका लागि सुझाव समेत दिएको छ । उसले मानवीय क्षति, भौतिक क्षति र सयौँ घाइते भएको घटनाले समस्त नेपालीलाई मर्माहत र दु:खी बनाएको भन्दै यस्तो समयमा सरकार, राजनैतिक दलहरु, संघ-संस्था सबै एक भएर यो विपत्तिको सामना गर्न अपिल समेत गरेको छ ।

# 'मृत्युमार्ग' बने तिनाउ र भूतखोला

## पाल्पामा मंगलबार घुम्न आएका दुई जनाको डुबेर ज्यान गयो

रामचन्द्र रायमाझी

**पाल्पा,** कार्तिक २१/पाल्पाकबो तिनाउ गाउँपालिका-३ मा रहेको तिनाउ खोला ड्याम साइड र भूतखोलामा पर्यटकका लागि बनाइएको संरचनाले धेरैको ज्यान लिएको छ । भूतखोलामा रहेको पानी पोखरी अवलोकन गर्न पुग्नेहरु फोटो खिच्ने र पौडी खेल्न क्रममा अकालमै ज्यान गुमाउन बाध्य भएका छन् । स्थानीय सरकार र प्रदेश सरकारले अध्ययन नै नगरी पर्यटक तान्न संरचना बनाएका कारण यहाँका यी खोला मृत्युमार्ग नै बनेका हुन् ।

हरेक वर्ष गर्मी मौसममा पौडी खेल्न जाने र अन्य समय खोलाको सिन लिएर तस्बिर खिच्चेहरु लडेर ज्यान गुमाउने गरेका छन् । भूतखोला पर्यटकका लागि आकर्षण स्थल भए पनि त्यसको उचित सुरक्षा प्रवन्ध नहुँदा धेरैले ज्यान गुमाउनु परेको छ । उक्त खोलामा आन्तरिक तथा बाह्य पर्यटकहरु बढी जाने र उनीहरुले नै अकालमा ज्यान गुमाउने गरेका छन् । यहाँ मंगलबार घुम्न आएका दुई जनाको अकालमै ज्यान गएको छ । भारत र रुपन्देहीबाट घुम्न आएका दुई जनाको खोलामा डुबेर मृत्यु भएको हो । भारतबाट घुम्न आएकी एक विद्यार्थीको फोटो खिच्ने क्रममा तिनाउ खोलामा डुबेर मृत्यु भएको छ । मंगलबार साढे एक बजेको समयमा भारतको उत्तर प्रदेश मगहरकाजिपुरकी २० वर्षीया शाहिस्ता प्रविनको पाल्पाको तिनाउ गाउँपालिका-३ तिनाउ खोला स्थित ड्याममा डुबेर मृत्यु भएको हो । विद्यालयबाट शिक्षक सहित २०/२५ जनाको संख्यामा घुम्न आएकी प्रविन फोटो खिच्ने क्रममा अचानक चिप्लिन गई खोलामा डुबेकी थिइन् । उनको प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले तत्काल उद्धार गरी उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठाएकोमा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए ।

यस्तै रुपन्देहीबाट पाल्पा घुम्न आएका २२ वर्षीय बिमल आचार्यको भूतखोलमा डुबेर मृत्यु भएको छ । मंगलबार विहान रुपन्देहीबाट घुम्न आएका सिद्धार्थनगर नगरपालिका-९ का आचार्य तिनाउ गाउँपालिका-३ भुतखोलामा अचानक डुब्न पुगेका थिए । खोलामा डुबेका उनलाई प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले तत्काल उद्धार गरी उपचारका लागि बुटवल हस्पिटल पठाएकोमा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए । आचार्यसँग सोही ठाउँकी २६ वर्षीया युना दाहाल पनि गएकी थिइन् । उनी पनि अचानक खोलामा डुब्न पुगेकी थिइन् । दाहालको भने बुटवल अस्पतालमा उपचार भइरहेको छ । उनको अवस्था मध्यम रहेको बुझिएको छ ।

घटानाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । भूतखोलामा रहेको सानो झरना र निलो रङको पोखरीका कारण मानिस आकर्षित हुने गरेका छन् । यहाँको भूतखोला, ड्याम र तिनाउ खोलामा मात्र धेरैले ज्यान गुमाउने गरेका छन् ।



पाल्पाको तिनाउ गाउँपालिका-३ मा रहेको ड्यामस्थित तिनाउ खोला र भूतखोला ।


## होसियारीपूर्वक कारोबार गरौं, कानूनी कारवाहीबाट बचौं

- रकम नभएको खाताको चेक जारी नगरौं,
- खातामा रकम भएको सुनिश्चित गरेर मात्र चेक जारी गरौं,
- खाली चेकमा हस्ताक्षर नगरौं,
- तमसुक वा धरौटीको रुपमा चेकलाई प्रयोग नगरौं,
- गैरकानूनी लेनदेन नगरौं ।

***चेक जारी गर्दा होसियारी अपनाऔं, कानूनी कारबाहीबाट बचौं ।***

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# गुल्मीमा पहिलो पटक वितरण गरियो गैरआवासीय नेपाली नागरिकता

**गुल्मी,** कार्तिक २१/गुल्मीमा पहिलो पटक गैर आवासीय नेपाली नागरिकता वितरण गरिएको छ । जिल्ला प्रशासन कार्यालय गुल्मीले मंगलबार पहिलो पटक रेसुङ्गा नगरपालिका-१ भिमचोकका भीष्म मरासिनीलाई गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरेको हो ।

मरासिनीलाई प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले जिल्लामा पहिलो गैरआवासीय नागरिकता प्रदान गरेका हुन् । विगत २० वर्षदेखि अमेरिकामा बस्दै आएका मरासिनीले अमेरिकी नागरिकता लिएका थिए । उनी अमेरिकाको टेक्सासमा बस्दै आएका छन् । मरासिनीले नेपालको संविधानमा भएको व्यवस्था अनुसार कार्तिक १७ गते नेपाली नागरिकता त्याग गरेपछि नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० को अनुसूचि (८) को (ग) बमोजिम नागरिकता पाएका हुन् । उपल्लो तम्घास निवासी भीमलाल मरासिनी र आमा एककलाका छोरा भीष्मले दुई दशक पछि गैरआवासीय नेपाली नागरिकताका लागि आवेदन दिएका थिए । भीष्मले जिल्ला सदरमूकाम तम्घासको विकासमा चासो दिने उद्यमी युवा हुन् । अमेरिकामा बसे पनि पुन: कुनै न कुनै उद्योग स्वदेशमा गर्ने उद्देश्यले गैरआवासीय नेपाली नागरिकता लिएको उनले बताए । प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीको हातबाट जिल्लामै पहिलो गैरआवासीय नागरिकता प्राप्त गरेकोमा आफु उत्साहित भएको मरासिनीले बताए । नेपाल नागरिकता नियमावली, २०८० जारी भएसँगै मरासिनीलाई गैर आवासीय नेपालीलाई नागरिकतको प्रमाणपत्र प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले बताए । नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० राजपत्रमा प्रकाशित भए बमोजिम गैर आवासीय नेपाली नागरिकता प्रमाणपत्रको नयाँ व्यवस्था लागू भएको छ । गृह मन्त्रालयले असोज ४ गते राजपत्रमा प्रकाशन गरेको सूचना अनुसार सो व्यवस्था कायम भएको हो । पछिल्लो प्रकाशित राजपत्रमा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र र विदेशी बुवाको हकमा नेपाली आमाको सन्तानलाई अंगिकृत नागरिकता उपलब्ध गराउने मुख्य दुई विषय रहेका छन् ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## रेडियोग्राफी प्रयोगमा सचेत बनौं

पछिल्लो केही दशकयता नेपालमा नयाँ प्रविधिको विकास हुँदै आएको छ । जसमध्ये एक रेडियोग्राफी पनि हो । सन् १८९५ नोभेम्बर ८ मा जर्मन मेकानिकल इन्जिनियर विलहेल्म रोइन्टगेनले रेडियोग्राफीको आविष्कार गरेका थिए । रेडियोग्राफी एक्सरेको माध्यमले बिरामीलाई निदानात्मक सेवा दिने पद्धति हो । सामान्य भाषामा रेडियोग्राफीलाई एक्सरे वा विकिरण भनेर बुझ्न सकिन्छ । आधुनिक सरल चिकित्सा प्रणालीमा यसको ठूलो महत्व छ । एक्सरेले हाम्रो शरीर भित्रका हड्डीहरु, क्याभिटिहरु र कुनै बाहिरी पदार्थ भए नभएको कुरा पत्ता लगाउने गर्दछ । अल्ट्रासाउण्डबाट शरीरभित्रका अङ्गहरुका बारेमा बिना चिरफार पत्ता लगाउन सकिन्छ भने पेट भित्र रहेको बच्चाको स्वास्थ्यस्थिति, शरीरका अङ्ग विकास जस्ता कुराहरू पत्ता लगाउन यसको अत्यन्त ठूलो महत्व रहेको छ । यस सँगैसँगै यसको जोखिम पनि उत्तिकै रहेको छ । कतिपय अवस्थामा एक्सरेमा काम गर्ने व्यक्ति र बिरामीमा नकारात्मक असर पुग्छ ।

खासगरी, बच्चा, बुढाबुढीमा एनडिपी अर्थात् शरीरले पचाउन सक्ने रेडिएसनको मात्रा कम हुन्छ । त्यसैले, असर देखिन सक्छ । यसबाहेक, गर्भवतीलाई पनि रेडिएसनले चाँडो प्रभाव पार्ने भएकाले गर्भावस्थामा सकेसम्म एक्सरेको प्रयोग गरिनु राम्रो मानिदैन । खासगरी संवेदनशील अंगमा यसको असर बढी पर्न सक्ने भएकाले प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । एक्सरेका क्रममा एनडिपीको मात्रा बढी उत्पन्न भएमा मानव शरीरमा हानी पुऱ्याउने जोखिम उच्च रहन्छ । जसले गर्दा दृष्टि कमजोर हुने, छालामा असर देखिने, क्यान्सर हुनेजस्ता सम्भावना रहन्छ । तर, कतिपय रेडियोग्राफी सेन्टर यसले पुऱ्याउन सक्ने असरबारे सचेत रहेको पाइँदैन । यसतर्फ सम्बन्धित निकायले ध्यान पुऱ्याउन आवश्यक छ । हुन त विश्वभरि रेडियोग्राफी अनि रेडिएशन थेरापीबारे जानकारी र चेतना फैलाउन हरेक वर्ष नोभेम्बर ८ मा विश्व रेडियोग्राफी दिवस मनाउने गरिन्छ । आज पनि विश्वभर विविध कार्यक्रमहरुको आयोजना गरी यो दिवस मनाउन लागिएको छ । यद्यपी दिवस हरेक वर्ष मनाउने गरिए पनि रेडियोग्राफीको प्रयोग बारे अझै सचेतना फैलिन सकेको छैन । जसका कारण स्वास्थ्य चुनौति देखापरेको छ । तसर्थ यसको प्रयोगका बारे सबै सचेत हुन जरुरी छ ।

## Opinion @ Social Network

हरेक मान्छेमा विश्वास हुँदैन, हरेक सम्बन्ध खास पनि हुँदैन,
माया त सबैले गर्छु भन्छन्, तर हरेक नातामा आफ्नोपनको आभास हुँदैन हजुर।
*(सम्झना दंगालको फेसबुक स्टाटस https://www.facebook.com/magarnisamjhana.dangal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# डलर कूटनीतिको विकल्प युआन : क-कसलाई छ डर ?



**लोकनारायण सुवेदी**

*चीनसँग व्यापारमा रुस पहिलादेखि नै युआनको उपयोग गर्दै आएको छ । युक्रेन युद्धपछिदेखि त रुस र चीनको द्विपक्षीय व्यापार अझ बढेको छ । अर्जेण्टिनाले पनि भनेको छ कि चिनियाँ उत्पादनहरूका लागि भुक्तानी डलरमा होइन, युआनमा गर्न चाहन्छ । अनि चीन र ब्राजिलकाबीच सम्झौता भइसकेको छ कि दुवै देशले युआनमा भुक्तानी गर्ने छन् । दक्षिण अमेरिकाको सबैभन्दा ठूलो अर्थव्यवस्था भएको देश ब्राजिल पनि बितेको एक दशकभन्दा बढी समयदेखि चीनको सबैभन्दा ठूलो कारोबार गर्ने साझेदार बनेको छ । ब्राजिलले दाबी नै गरिसकेको छ कि करिब २५ वटा देशहरूले पहिलेदेखि नै युआनमा भुक्तानी गरिरहेका छन् । ब्रिटिश रिटेलर 'टेस्को' ले पनि आफ्ना चिनियाँ आयातीत सामानका लागि युआनमै भुक्तानी गर्न चाहन्छ । साउदी अरब पनि यतिबेला चीनसँग कुराकानी गर्दै छ कि उसले तेल (पेट्रालियम पदार्थ)मा हुने भुक्ततानीका लागि चीनको युआनलाई पनि लिन सक्छ । यसमा अमेरिकाका अन्य सहयोगी देशहरू सामेल छन् जसलाई अब युआनमा भुक्तानी गर्न कुनै असहज लाग्दैन । कयौं यथार्थ तथ्यहरूले स्पष्ट पारिरहेका छन्, जसनुसार विश्वभरिका केन्द्रीय बैंकहरूमा रिजर्भ मुद्रामा डलरकको हिस्सेदारी आज कम भइसकेको या निरन्तर भइरहेको छ ।*

यतिबेला विश्वका पाँच सबभन्दा तीव्र गतिले उदाउँदै गरेका अर्थव्यवस्था भएका देशहरूको समूह-'ब्रिक्स' माडलर कूटनीतिको विकल्पलाई लिएर गहिरो विचार विमर्श चलिरहेको छ । यसमा विशेष गरेर चीन र रुस अमेरिकी प्रभावको डलर अर्थव्यवस्थाबाट बाहिर निस्कने हुटहुटीले ब्यग्र देखिन्छन् । वास्तवमा डलरको दबदबाबाट अमेरिकाले विश्वमा आफ्नो बादशाही चलाउने गर्दै आएको छ । त्यसैको दममा अमेरिकाले कुनै पनि देशकाविरुद्ध एकतर्फी प्रतिबन्ध लगाएर तिनको आर्थिक गतिविधि रोकिदिने गर्दछ, तिनलाई विश्व अर्थव्यवस्थाबाट अलग्याउने र एक्ल्याउने गर्दछ । डलर अमेरिकाका लागि राजनीतिक, आर्थिक र सामरिक हतियार हो जसको मार हान्ने क्षमताको कुनै विकल्प नै अहिलेसम्म विकसित हुन सकेको थिएन । तर अब यो वर्चश्व टुट्ने स्थिति तीव्र रूपमा विकसित हुन थालेको छ । रुस-युक्रेन युद्धका बीच अमेरिकी प्रतिबन्धसँग जुधिरहेको रुसको अगुवाइमा अमेरिकी डलरको दबदबालाई समाप्त पार्ने कोसिस कत्तिको प्रभावकारी होला ठोकेरै त कसैले भन्न नसक्ला तर संकेत के देखिँदैछ भने त्यसबाट यस परिवर्तनको अपूर्व पदचाप त सुनिन्छ । के चाखलाग्दो छ भने डलर अर्थ व्यवस्थामाथि भारतजस्तो देश पनि असमञ्जसमा छ भने अर्कोतिर मलेशिया, अर्जेण्टिना, इण्डोनेशिया, बंगलादेश, इरानदेखि लिएर साउद अरबसम्मले परिवर्तनको बाटोको खोजिगरिरहेका छन् । अनि मुद्राविनिमयका अन्य वैकल्पिक मार्गलाई आफ्नो समर्थन दिइरहेका छन् ।

यस्तो अवस्थामा के प्रश्न पुनः खडा हुन्छ भने डलरको किल्प के-के हुनसक्छ । यस्तो स्थितिमा डलरको विकल्प के हुनसक्छ । पाउण्ड, येन, युआन या रुपैयाँ पनि कि ? रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले स्पष्ट रूपमा भनिसकेका छन् कि हामी एशिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूसँगको व्यापारमा चिनियाँ मुद्रा युआनमा भुक्तान गर्ने पक्षमा छौं । युआनलाई विश्व स्तरमा अपनाउने पुटिनको सुझावलाई खारेज गर्न सकिँदैन । चीनसँग व्यापारमा रुस पहिलादेखि नै युआनको उपयोग गर्दै आएको छ । युक्रेन युद्धपछिदेखि त रुस र चीनको द्विपक्षीय व्यापार अझ बढेको छ । अर्जेण्टिनाले पनि भनेको छ कि चिनियाँ उत्पादनहरूका लागि भुक्तानी डलरमा होइन, युआनमा गर्न चाहन्छ । अनि चीन र ब्राजिलकाबीच सम्झौता भइसकेको छ कि दुवै देशले युआनमा भुक्तानी गर्ने छन् । दक्षिण अमेरिकाको सबैभन्दा ठूलो अर्थव्यवस्था भएको देश ब्राजिल पनि बितेको एक दशकभन्दा बढी समयदेखि चीनको सबैभन्दा ठूलो कारोबार गर्ने साझेदार बनेको छ । ब्राजिलले दाबी नै गरिसकेको छ कि करिब २५ वटा देशहरूले पहिलेदेखि नै युआनमा भुक्तानी गरिरहेका छन् । ब्रिटिश रिटेलर 'टेस्को' ले पनि आफ्ना चिनियाँ आयातीत सामानका लागि युआनमै भुक्तानी गर्न चाहन्छ । साउदी अरब पनि यतिबेला चीनसँग कुराकानी गर्दै छ कि उसले तेल (पेट्रालियम पदार्थ)मा हुने भुक्ततानीका लागि चीनको युआनलाई पनि लिन सक्छ । यसमा अमेरिकाका अन्य सहयोगी देशहरू सामेल छन् जसलाई अब युआनमा भुक्तानी गर्न कुनै असहज लाग्दैन । कयौं यथार्थ तथ्यहरूले स्पष्ट पारिरहेका छन्, जसनुसार विश्वभरिका केन्द्रीय बैंकहरूमा रिजर्भ मुद्रामा डलरकको हिस्सेदारी आज कम भइसकेको या निरन्तर भइरहेको छ । उल्लेखनीय छ कि १९९९ सम्म विश्व रिजर्भमा डलरको हिस्सेदारी ७२ प्रतिशत रहेको थियो जुनअब घटेर ५९ प्रतिशतमा झरेको छ । यद्यपि यसको एकमात्र कारण केवल युआन नै त होइन आज त मलेशिया, इण्डोनेशिया, सिंगापुर र थाइल्याण्ड जस्ता देशहरू पनि छन् जसले स्थानीय मुद्रामा समेत लेनदेन गर्ने गरेका छन् । अनि कतिपय खाडीका देश र रुसले पनि भारतीय मुद्रा स्वीकार गर्ने गरेका छन् ।

यी सबैका लेनदेनका बीच युआनको उपस्थिति र स्वीकार्यता सबैभन्दा बढी रहेको एकदमै प्रष्ट छ र त्यो अझ बढ्दै जाने स्थितिमा छ । वास्तवमा चीन आर्थिक शक्तिका रूपमा उदाउनु समकालीन विश्वको एउटा महत्वपूर्ण परिघटना हो । यो रुसभन्दा पनि बढी यसकारण प्रभावकारी छ किनभने रुसले सामरिक रूपले त अमेरिकालाई चुनौती दिने कोसिस त गरेको थियो तर उसको डलर कूनीतिमाथि कुनै नियन्त्रण थिएन । चीनले भने अमेरिकाका लागि असीम योजनापूर्वक सामरिक र आर्थिक चुनौती आज प्रस्तुत गरिरहेको छ । चीनले द्विपक्षीय, बहुपक्षीय र बृहतस्तरको वान बेल्ट वान प्रोजेक्ट अर्थात् 'बिआरआई' परियोजनाबाट डलर कूटनीतिलाई चुनौती दिइरहेको छ । विश्वको सबैभन्दा ठूलो बजार बन्न सफल भएपछि चीनले आफ्नो मुद्रा युआनलाई स्थापित गर्ने प्रयास सुरु गरेको हो । चिनियाँ सरकारले युआनमा सीमापार भुक्तानीको सुविधाका लागि २०१५ मै 'क्रस बोर्डर इन्टर बैंक पेमन्ट सिस्टम लन्च' अर्थात सीमापार भुक्तानी प्रणाली लागू गऱ्यो । त्यसको तीन वर्षपछि २०१८ मा चीनले निर्यातकलाई युआनमा तेल बेच्ने अनुमति दिनका लागि विश्वमा पहिलो 'युआन डोमिनेटेड क्रुडआयल फ्युचर्स कन्ट्र्याक्ट लन्च गर्न थाल्यो । यस क्रममा चीन विश्वको सबैभन्दा ठूलो लेनदारको रूपमा खडा हुनपुग्यो । जसमा सरकार र राज्य-नियन्त्रित दर्जनौं उद्यमहरूमा विकासशील देशहरूलाई ऋण दिइरहेका परियोजना पनि छन् । चीनले वास्तवमा विश्वको पहिलो केन्द्रीय बैंक डिजिटल मुद्राहरूमध्ये एकको रूपमा आफूलाई विकसित गरिरहेको छ । चीनका लागि युआनलाई सबल बनाउने गहिरो अवसर मिल्यो । चीन विश्वको सबैभन्दा ठूलो निर्यातक देश हो र जापान, जर्मनी, ब्राजिल र अन्य देशहरूसमेतको सबैभन्दा महत्वपूर्ण व्यापारिक साझेदार पनि बनिसकेको छ । बजारमा बिनिमय दरको आधारमा अमेरिकापछि चीनको दोस्रो सबैभन्दा ठूलो अर्थव्यवस्थ बनेको छ । वास्तवमा चीन अमेरिकी डलरको विश्वव्यवस्थालाई प्रभावित गर्न अन्य देशहरूलाई स्थानीय मुद्रामा व्यापार गर्न प्रोत्साहित पनि गरिरहेको छ । चीनले विकल्पका रूपमा एशियाली मुद्राकोषको स्थापना गर्नमा चाख पनि देखाएको छ जसमा उसलाई मलेशिया जस्ता कतिपय देशहरूको समर्थन मिलिसकेको या मिलिरहेको छ ।

चीनले यो सुविधा अब ब्रिक्स देशहरूका बीचमा लागू गर्ने मनसुवा देखाइरहेको छ, जसनुसार ब्रिक्कस देश डलरको साटो युआन र आ-आफ्ना मुद्रामा व्यापार गर्न सक्छन् । यी सबैका बीच के संकटहरू छन् भने कतिपय देशहरू कर्जाको जालमा फसेर मुद्रा स्वीकार गर्न बाध्य हुने डर रहेको सन्देह छ । यस्ता कतिपय कठिनाइ हुँदाहुँदै डलर कूटनीतिमा मानवाधिकार, मानवीय मूल्य, समानता, लोकतन्त्र र स्वतन्त्रताको चिन्ता लिइने गरिन्छ र युआन कूटनीतिलाई कथित अधिनायकवाद, साम्यवादी आक्रामकता र मानवाधिकारको उपेक्षा हुनेजस्ता कुरा रहेको औंल्याउने उराल्ने गरिन्छ । अनि के सन्देह उठाउने गरिन्छ भने युआन कूटनीति म्यानमारमा जस्तै विश्वका कैयौं देशहरूमा लोकतन्त्रलाई समाप्त पारेर राजनीतिक अस्थिरता बढाउन सक्दछ । यी भनिएका सम्भावित आशंका निर्मूल गरिनुपर्दछ भन्ने आशय व्यक्त गर्ने गरिन्छ । यस प्रकार विश्वव्यवस्थाले नयाँ मोड लिने प्रायः निश्चित बनेको छ । डलर कूटनीतिको बादशाही समाप्तिको सँघारमा पुगेको छ । विकसित भएका विश्वप्रवृत्तिलाई हेर्दा र केलाउँदा यसमा अब कुनै सन्देह छैन कि युआन र डलरको लडाइँमा युआनको विजय प्रायः निश्चित छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वादिष्ट भोजन पाइनेछ । नयाँ कार्यको योजना बन्नेछ । | **तुला** : दैनिक कार्यमा प्रगति हुनेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । नयाँ कार्यको योजना पनि बन्ला । | **वृश्चिक** : नयाँ वस्त्र, अलंकारको प्राप्ति होला । राज्यबाट मान सम्मान पाइनेछ । |
| **मिथुन** : घरायसी समस्या बढ्नेछ । मित्रहरूले दिएको वचन फर्न सक्छन् । | **धनु** : नयाँ कार्यको योजना बन्नेछ । शुभकार्यको चर्चा चल्नेछ । |
| **कर्कट** : कार्यमा सफलता मिल्नेछ । रोकिएका कामहरू पुरा हुनेछन् । | **मकर** : रमाइलो यात्राको योग रहेकोछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **सिंह** : धनार्जनका नयाँ स्रोतहरू पनि पत्ता लाग्नेछन् । जीवन सुखमय हुनेछ । | **कुम्भ** : कलाको प्रभाव बढ्नेछ । बौद्धिक काममा सफलता मिल्नेछ । |
| **कन्या** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । | **मीन** : मनमा शान्ति छाउनेछ र आत्मिक सन्तुष्टि पनि मिल्नेछ । |

## ोरञ्जन

# ‘मनैदेखि देखेको सपना पूरा हुने रहेछ’



सांगीतिक क्षेत्रमा छोटो समयमै नाम र दाम दुवै कमाएकी गायिकामा पर्छिन् रचना रिमाल । करिअर सुरु गरेको ३ वर्षको अवधिमै उनले १२ सय हाराहारी गीतमा स्वर दिइसकेकी छन् । थुप्रै देशमा पुगेर आफ्नो स्वर गुन्जाइसकेकी छन् । गीत गाएरै गृहजिल्ला झापामा एक वर्षअघि पक्की घर बनाइसकेकी छन् । आमाबुवालाई नयाँ घर बनाएर राख्ने रचनाको सानैदेखिको सपना थियो । विदेश गएर कमाएर भएपनि घर बनाउँछु भन्ने उनी सोच्ने गर्थिन् ।

‘पुरानो घर माटोको थियो । धेरै डर पनि थियो । सर्प, मुसाहरू आउने गर्थ्यो । एकपटक सर्प ओछ्यानमै झरेको थियो । त्यो देखेर पनि घर चाहिँ जसरी पनि बनाउँछु भन्ने सोच पलाएको थियो’ हालसालैको भेटमा रचनाले भनिन् । यद्यपि, संगीतबाट त्यो सपना पूरा गर्न पाउँदा प्राउड फिल गरिरहेको उनी बताउँछिन् । ‘छरछिमेकका दाइहरु विदेश गएर पैसा कमाएर नयाँ घर बनाउनुभएको हुन्थ्यो । गाउँमा त्यस्तो देखेको भएर पनि होला, म पनि विदेश गएर पैसा कमाएर घर बनाउँछु भन्ने सोच्थेँ,’ उनले भनिन्- ‘जे होस् गीत गाएर घर बनाउन सफल भए । सबैको माया र आशीर्वादले यो सम्भव भएको हो । साँच्चिकै मनैदेखि सपना देखेपछि पूरा हुँदोरहेछ भन्ने लाग्यो ।’ घर बनाउन सुरु गर्दाको क्षण समेत रचनाले सेयर गरिन् ।

दिनरात नभनी गीतहरू रेकर्ड गर्ने उनले खातामा १० लाख रूपैयाँ जम्मा भएपछि घर बनाउन सुरु गरेकी थिइन् । ३५ लाख हाराहारी खर्चमा घर निर्माण भएको उनले बताइन् । बुवाआमालाई नयाँ घरमा राख्ने सपना पूरा गरेकी रचनाको अबको सपना चाहिँ के छ त ? २१ वर्षीया रचनाले हाँस्दै भनिन् ‘अर्को घर बनाउने काठमाडौंमा । त्यो चाहिँ कहिले पूरा हुन्छ थाहा छैन ।’

*-लोकान्तर डटकम*

# गर्भवती रेखा भन्छिन्, ‘अप्रत्याशित उपहार आएको हो’



अभिनेत्री रेखा थापाका लागि यो वर्ष विशेष छ । यसको दुईटा कारण छ । पहिलो, उनी अभिनीत फिल्म ‘उपहार’ महाशिवरात्रीको अवसर पारेर आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउँदैछ । दोस्रो, फिल्म रिलिजको बेला उनी आमा भैसकेकी हुनेछिन् । पाँच महिनाको गर्भवती रहेको समयमा उनले फिल्ममा काम गरेकी थिइन् । यसैले छायांकन भ्याउन निर्माण टिममा राम्रै हतारो थियो । खासमा उनी फिलमको छायांकन नभ्याउँदासम्म गर्भवती हुने सोचमा थिइनन् । त्यसैले रेखाले फिल्मका लागि ‘जिरो फिगर’ बनाउन जिम धाइरहेकी थिइन् । तर, गर्भवती भएपछि फिल्ममा आफूलाई ‘स्लिम’ देखाउने उनको इच्छा अधुरै रह्यो । र, फिल्ममा कसरी काम गर्ने भन्ने ठूलो चुनौती उनमा थियो । यद्यपि, उनले आँट गरेर फिल्ममा एक्सनसम्म गरिन् । जुन धेरैका लागि प्रेरणा बन्नसक्छ ।

फिल्मको ‘वाह् वाह् वाह्’ गीत रिलिजमा उनले भनेकी थिइन्, ‘मैले कविराज गहतराज ( कोरियोग्राफर) लाई पहिलाको जस्तो लड्का झट्का डान्स स्टेप नदेऊ है भनेकी थिएँ । तर, मलाई फिल्ममा कस्तो नाच्न मन थियो । त्यसैका लागि २५ कम्मर पनि बनाएकी थिएँ । पूजा शर्मा र म सँगै जिममा आउँथ्यौं । यस्तो राम्रो शरीर बनाउँदा बनाउँदै अप्रत्याशित उपहार आएको हो मेरो चाहिँ ।’ छायांकनको क्रममा आफूलाई प्राविधिकदेखि छायाँकारसम्मले एकदमै सहज वातावरण सृजना गरिदिएको उनको भनाई छ । यद्यपि, छायांकनको बेला आफ्नो एकदमै ‘मूड स्विङ’ भएको उनको अनुभव छ । रेखाले ‘उपहार’बाट करिब ५ वर्षपछि कमब्याक गरेकी हुन् । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट राजनीतिमा सक्रियता बढेपछि उनी फिल्म ‘मालिका’पछि अभिनयमा निस्क्रियझैं देखिएकी थिइन् ।

*-फिल्मीखबर डटकम*


# कसरी बनाउँदै छ विकास बोर्डले चलचित्र ?



चलचित्र विकास बोर्डले आफैं चलचित्र निर्माण गर्ने भएको छ । यसका लागि बोर्डले सरकारमार्फत ७५ लाख रुपैयाँ बजेट प्राप्त गरिसकेको छ । नेपाली कला, संस्कृति, संस्कार, परम्परा तथा इतिहास झल्काउने सिनेमा निर्माणको तयारी बोर्डले गरेको छ । “नेपाली कला, संस्कृति झल्काउने सिनेमा सरकारले नै बनाउनु पर्छ भन्ने बोर्डको मान्यता हो । नेपाली कला संस्कृति जगेर्ना गर्ने दायित्व राज्यको पनि हो,” चलचित्र विकास बोर्डका प्रवक्ता केएल पीडित बाह्रखरीसँग भन्छन्, “त्यसैले बोर्डले चलचित्र बनाउनेबारे सोचेको हो ।” निजी क्षेत्रसँग पनि सहकार्य गरेर चलचित्र निर्माण गर्ने सोच रहेको प्रवक्ता केएलले जानकारी दिए । यद्यपि, यसमा भने निष्कर्षमा पुगिसकेको उनी बताउँछन् ।

कसरी चलचित्र बनाउने भन्ने विषयमा कार्यविधि बनाएर अगाडि बढ्ने तयारीमा बोर्ड रहेको उनको भनाइ छ । “कुन मोडालिटीमा बोर्डले सिनेमा बनाउने त्यसबारे बोर्डले कार्यविधि बनाएर अगाडि बढ्छ,” प्रवक्ता केएल अगाडि थप्छन्, “स्क्रिप्ट कसरी कोबाट लिने, निर्देशकसहितका प्राविधिक कसरी हायर गर्ने कार्यविधिमा उल्लेख गरिनेछ ।” यस विषयमा सरोकारवाला निकाय र विज्ञ, समाजशास्त्री, मानवशास्त्री लगायतसँग छलफल गरेर निष्कर्षमा पुगिने उनको भनाइ छ । “एकै वर्षमा ७५ लाखमा चलचित्र बन्न करिबकरिब सम्भव छैन । त्यसैले कम्तीमा दुईदेखि तीन वर्षमा एउटा चलचित्र बनाउने हाम्रो तयारी हो,” उनले भने, “कम्तीमा यो वर्ष हामीले स्क्रिप्ट तयार गरेर सुटिङ मात्रै गर्न सक्यौं भने अर्को वर्ष पोष्ट प्रोडक्सनको काम गरेर सिनेमा निर्माण सम्पन्न गर्ने योजना छ ।” नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलगायत प्रकाशन तथा संगीत संकलनलगायत काम गरिरहेकाले बोर्डले पनि राष्ट्रिय महत्वका विषयमा चलचित्र बनाउने निर्णयमा आपत्ति जनाउनु नपर्ने प्रवक्ता केएल बताउँछन् । *-बाह्रखरी डटकम*

# पछिल्लो फेसबुक पोस्टलाई लिएर किन आलोचित छन् राजेश हमाल ?



अभिनेता राजेश हमाल केही वर्षयता सामाजिक सञ्जालका सक्रिय प्रयोगकर्ता हुन् । उनी घुमफिर र पारिवारिक गतिविधिका पोस्ट फ्यानमाझ सेयर गरिरहेका हुन्छन् । सामाजिक सञ्जालका सक्रिय प्रयोगकर्ता हमाल भने सामाजिक र राजनीतिक घटनाक्रममा मौन रहन्छन् । तर हमालको पछिल्लो सामाजिक सञ्जाल पोस्ट भने निकै विवादित बनेको छ । हमालका फ्यान पनि उनीमाथि खनिएका छन् ।

भयो के भने, शनिबार जाजरकोट र रुकुम पश्चिममा गएको विनाशकारी भूकम्पमा डेढ सयभन्दा बढी नागरिकले ज्यान गुमाए । हजारौं घर भत्किए भने सयौं नागरिक घाइते भए । देश अहिले शोकमा छ । कतिपय कलाकार राहत संकलनमा जुटेका छन् । सामाजिक सञ्जालमा सेलिब्रिटीले स्टाटस पोस्ट गर्दै सरकारलाई राहत र उद्धारमा जुट्न आग्रह गरिरहेका छन् । तर राजेश हमालले भने शनिबार नै ‘मधु मस्ती’ भन्दै पत्नीसहितका युगल तस्वीर पोस्ट गरे ।

एकातिर भूकम्पको आलोघाउ र शोक, अर्कोतिर हमालको ‘मस्ती’ प्रेरित फेसबुक स्टाटस । समय र सन्दर्भको हिसाबले हमालको पोस्ट असान्दर्भिक पनि देखियो । उक्त पोस्टमा फ्यानले आलोचनात्मक टिप्पणी गरेका छन् । संकल्प चन्द ठकुरी लेख्छन्, ‘देश महाविनाशकारी भूकम्पले रोएको छ । यता हाम्रो देशका आइकनहरुको मनोदशा यस्तो छ ।’ लक्ष्मण घर्ती मगर लेख्छन्, ‘देश शोकमा छ । भूकम्पको क्षतिले सास्ती छ । तपाईंलाई भने मधुमस्ती छ । कमसेकम एक-दुई दिन यसरी मस्तीका फोटो नराखेको भए पनि हुने महानायकज्यू ।’ नारायण पन्त लेख्छन्, ‘ए दाइ, पूरा देश शोकाकुल छ । तपाईंहरुको कस्तो मस्ती हो ? जीवनमा रमाइरहनुपर्छ तर समय अनुकूल संवेदनशील हुन पनि त्यत्तिकै जरुरी छ । जबकि तपाईंजस्तो आइकोनिक एक्टरले ।’ फ्यानको यस्तो प्रतिक्रियाबारे हमालले भने केही बताएका छैनन् ।

*-अनलाइन खबर डटकम*

# ‘मेयर’को तयारीमा जुटे दीपेन्द्र




दीपेन्द्र के. खनाल निर्देशित फिल्म ‘पशुपति प्रसाद २ : भष्मे डन’ अहिले प्रदर्शनरत छ । गत ४ कात्तितकबाट सार्वजनिक प्रदर्शनमा आएको फिल्मले राम्रो व्यवसाय गर्न सफल भएको छ ।

एक फिल्म प्रदर्शनरत रहेकै समय निर्देशक खनाल भने नयाँ फिल्मको तयारीमा जुटेका छन् । उनी अहिले फिल्म ‘मेयर’ बनाउने तयारीमा जुटेका हुन् । जसको प्रि प्रोडक्सन कार्य भइरहेको छ । तिहार लगतै छायाङ्कनमा निस्कने फिल्मको अहिले कलाकार छनौट भइरहेको छ । फिल्मको कलाकार रु प्राविधिक पक्ष एक कार्यक्रम सहित सार्वजनिक गर्ने निर्माण युनिटले जानकारी दियो । देशका एक चर्चित मेयरबाट प्रभावित भएर फिल्म निर्माण हुन लागेको पनि चर्चा छ । ‘मेयर’पछि दीपेन्द्रले आफ्नो सफल फिल्म ‘आमा’को दोस्रो शृङ्खला निर्माण गर्नेछन् । हुन दीपेन्द्र अहिले हिट फिल्म ‘आमा’को सिक्वेल ‘आमा २’को तयारीमा पनि छन् । उनी स्वयंको लेखन तथा निर्देशन रहने फिल्मको निर्माण शर्मिला पाण्डेले गर्नेछिन् । केही दिनअघि दुवैले भिडियो सन्देशमार्फत फिल्म ‘आमा २’ निर्माण घोषणा गरेका थिए ।

*-रातोपाटी डटकम*

# काँग्रेस पाल्पाद्वारा केसीको निधनप्रति शोक व्यक्त

**पाल्पा,** कार्तिक २१/नेपाली काँग्रेस पाल्पाले पाल्पाका शैक्षिक, सामाजिक एवं पार्टीका अग्रज तथा पूर्व जिल्ला सदस्य मीनबहादुर केसीको निधनप्रति दु:ख व्यक्त गरेको छ । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले एक शोक विज्ञप्ती जारी गर्दै पाल्पाको शैक्षिक, सामाजिक र राजनीतिक आन्दोलनमा पुऱ्याएको सक्रिय भूमिकाको स्मरण गर्दै उनीप्रति श्रद्धाञ्जली अर्पण गर्नुको साथै दुख व्यक्त गरेका हुन् ।



तानसेन नगरपालिका-३ बसन्तपुर निवासी केसीको ७८ वर्षको उमेरमा आइतबार निधन भएको थियो । खुट्टामा समस्या देखिएपछि उपचार गराउने क्रममा उनको निधन भएको हो । काँग्रेस सभापति श्रेष्ठले उनको आत्माको चिर शान्तिको कामना गर्दै सम्पूर्ण शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् । उनले स्व.केसीको निधनबाट पार्टीले एक अग्रज व्यक्तित्व गुमाउनुको साथै कर्मठ शिक्षा प्रेमी र समाजसेवी गुमाउनु परेको उल्लेख गरेका छन् । 'अत्यन्त सरल र मृदुभाषी शिक्षाविद, समाजसेवी स्व. केसीको निधनले नेपाली काँग्रेस पाल्पा स्तब्ध भएको छ' सभापति श्रेष्ठद्वारा जारी शोक विज्ञप्तीमा भनिएको छ ।

केसीले नेपाल शिक्षक संघको संस्थापक अध्यक्ष, केन्द्रीय उपाध्यक्ष, सेन माविकाको प्रअ, जनता नमूना मावि लगायतका शैक्षिक संस्थामा कुसलपूर्वक जिम्मेवारी सम्हालिसकेका थिए । उनको जिल्लाको सामाजिक क्षेत्रमा समेत उत्तिकै योगदान रहेको थियो । केसीले नागरिक समाज, बाकल्याण, रेडक्रस, क्षयरोग, नेत्रज्योति संघ, लायन्स क्लव, सहयोगी समाज बसन्तपुर लगायतका दर्जनौं सामाजिक क्षेत्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

उनी नेपाली काँग्रेसका विभिन्न तह र तप्कामा रहेर समेत काम गर्नुको साथै साहित्यक क्षेत्रमा समेत उत्तिकै सक्रिय थिए । केसीको एक श्रीमती, दुई छोरा र एक छोरी रहेका छन् ।

# आज विश्व रेडियोग्राफी दिवस मनाइँदै

**पाल्पा,** कार्तिक २१/आज विश्व रेडियोग्राफी दिवस विविध कार्यक्रमहरुको आयोजना गरी मनाइँदै छ । हरेक वर्षको नोभेम्वर ८ मा यो दिवस मनाउने गरिन्छ । सोही अनुरुप आज विश्वभर नै यो दिवस मनाउन लागिएको हो ।




सन् १८९५ नोभेम्बर ८ मा जर्मन मेकानिकल इन्जिनियर विलहेल्म रोइन्टगेनले रेडियोग्राफीको आविष्कार गरेका थिए । उनै वैज्ञानिकले गरेको विकिरण एक्स-रेको आविष्कारप्रति सम्मान दिन यो दिवस मनाइन्छ । सर्वप्रथम सन् २०१२ मा रेडियोलोजीको अन्तर्राष्ट्रिय दिवस मनाइएको थियो । युरोपियन सोसाइटी अफ रेडियोलोजी, उत्तरी अमेरिकाको रेडियोलोजिकल सोसाइटी, अमेरिकन कलेज अफ रेडियोलोजीको पहलमा विश्व रेडियोलोजी दिवस मनाउन सुरु गरिएको हो । रेडियोग्राफी एक्सरेको माध्यमले बिरामीलाई निदानात्मक सेवा दिने एक पद्धति हो । सामान्य भाषामा रेडियोग्राफीलाई एक्सरे वा विकिरण भनेर बुझ्न सकिन्छ । आधुनिक सरल चिकित्सा प्रणालीमा यसको ठूलो महत्व छ । विश्वभरि रेडियोग्राफी अनि रेडिएशन थेरापीबारे जानकारी र चेतना फैलाउने दिनको रुपमा आजको दिनलाई लिने गरिन्छ । रेडियोग्राफीको माध्यमले शरीरभित्रका हड्डी, क्याभिटी र कुनै बाहिरी पदार्थ भए/नभएको पत्ता लगाउन सकिन्छ । सामान्यतया, एक्सरे दुई किसिमले गरिन्छ । कम्प्लिकेट रेडियोग्राफी र डाइरेक्ट रेडियोग्राफी । डाइरेक्ट रेडियोग्राफी सजिलो पद्धति हो । जसबाट बिरामीको रिर्पोट चाँडो निस्कनुका साथै शरीरका अंगको तस्बिरसमेत स्पष्ट देखिने गरी निस्कन्छ । जो सबैभन्दा बढी प्रयोग हुने एक्सरे पद्धति पनि हो ।


## भावपूर्ण श्रद्धाञ्जली

जन्म
वि.सं. २००२/१२/३०



स्वर्गारोहण
वि.सं. २०८०/०७/१९

**स्व.मीन बहादुर के.सी.**

नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाका सल्लाहकार, पूर्व कार्यसमिति सदस्य, पाल्पाका शैक्षिक, सामाजिक धरोहर, राजनीतिक व्यक्तित्व, अत्यन्त सरल र मृदुभाषी **मीन बहादुर के.सी.**को मिति २०८०/०७/१९ गतेका दिन ७८ वर्षको उमेरमा भएको निधनले रेडक्रस पाल्पा स्तब्ध भएको छ । उहाँको निधनले एक कर्मठ शिक्षा प्रेमी र समाजसेवी गुमाउनु परेको छ । शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्ति सहित बैकुण्ठ बाँसको कामना गर्दै उहाँ प्रति **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनप्रति **गहिरो समवेदना** प्रकट गर्दछौं ।

बाबुराम कार्की
सभापति
एवं
**नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखा परिवार**
तानसेन, पाल्पा


## खेलकुद समाचार

### विश्वकप छनोटको दोस्रो खेल नेपालले यमनसँग खेल्ने



**काठमाडौं,** कार्तिक २१/विश्वकप छनोटको समूह चरणको दोस्रो खेल नेपालले यमनसँग काठमाडौंमा खेल्ने भएको छ । अखिल नेपाल फुटबल संघ एन्फाले पत्रकार सम्मेलन गरी दिएको जानकारी अनुसार नेपाल र यमनबीचको पहिलो लेग मंसिर ५ गते बेलुकी ७ बजे दशरथ रंगशालामा हुनेछ ।

यमनसँगको खेलअघि नेपालले यूएईसँग उसकै घरेलु मैदानमा समूह चरणको पहिलो खेल खेल्ने छ । यो खेल कार्तिक ३० गते हुनेछ । यो समूहमा बहराइन पनि छ । बहराइन र नेपालबीचको पहिलो लेग भने आउँदो मार्च २१ मा दशरथ रंगशालामा नै हुने छ । नेपाली राष्ट्रिय फुटबल टिमका प्रमुख प्रशिक्षक अल्बर्टो एनेससँगको सल्लाहमा नेपालाई फाइदा हुने गरी यमनसँगको खेल बेलुकी ७ बजे खेलाउन लागिएको एन्फा प्रवक्ता सुरेश शाहले जानकारी दिए । विश्वकप छनोटकालागि एनेसले २६ जना खेलाडीलाई बन्द प्रतिक्षण गराइरहेका छन् । जसबाट २३ सदस्य छानिने छ । शाहका अनुसार खेलका लागि टिकटको मुल्य साधारणा प्यारापिटतर्फ ४०० र भीआईपीतर्फ १ हजार रुपैयाँ तोकिएको छ । दोस्रो चरणको सम्पूर्ण खेलको कमर्सियल एन्ड मिडिया राइट सिगापुरस्थित स्पोर्टफाइभलाई प्रदान गरिएको एन्फाले जनाएको छ ।


**वर्गिकृत डिस्प्ले**
१ X ५ साइजमा मात्र
**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**
सम्पर्क: ०७५-५२०६०१



**कक्षा ११, बि.ए. बि.एड र बि.बि.एस.मा भर्ना खुल्यो !**

पाल्पा जिल्लाकै प्रतिष्ठित शैक्षिक संस्था तानसेन बहुमुखी क्याम्पस, पाल्पामा व्यवस्थापन, शिक्षा, मानविकी संकायमा भर्ना खुलेको जानकारी गराउँदछौं ।

**हाम्रा सेवाहरु :**
- विद्यार्थीहरुको लागि क्याम्पस बसको सुविधा रहेको छ ।
- विद्यार्थीहरुलाई वर्ष भरिनै नि:शुल्क पाठ्य पुस्तक उपलब्ध गराइएको छ ।
- अधिकांश विद्यार्थीका लागि छात्रवृत्ति सुविधा उपलब्ध छ ।
- प्रयाप्त खेल मैदान सहित अतिरिक्त क्रियाकलापको व्यवस्था छ ।
- शिक्षामा गुणस्तरियता हाम्रो प्रतिवद्धता रहेको छ ।
- यस शैक्षिक वर्षदेखि छात्रावासको सुविधा उपलब्ध गराईने छ ।

**विस्तृत जानकारीका लागि**
तानसेन बहुमुखी क्याम्पस
तानसेन -७, काजीपौवा
सम्पर्क : ०७५-५२२४५०, ०७५-५२०५९७,
मोवाइल : ९८५७०७७३१६, ९८४७०३०९७५, ९८५७०६०८९०, ९८५७०६०७२६


## कर्पोरेट/अर्थ समाचार

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई छुट

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.


**पाल्पा,** कार्तिक २१/ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकहरुले दराजबाट सामन किन्दा छुट पाउने भएका छन् । ग्राहकले दराजको ११:११ अफरमा दराजबाट अनलाइनमार्फत सामानकिन्दा २० प्रतिशत छुट पाउने भएका हुन् ।

दराजले सार्वजनिक गरेको योजना नोभेम्बर ११ देखि नोभेम्बर २२ सम्म रहने छ । सो अवधिभर बैंकका ग्राहकले छुट पाउने बैंकले जनाएको छ । यस छुट योजना अन्तर्गत ग्राहकहरुले ग्लोबल आइएमई बैंकको भिजा डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी दराजबाट अनलाइनमार्फत सामान खरिद गर्दा कुलखरिदको १५ देखि २० प्रतिशतसम्म छुट पाइने छन् । बैंकको डेबिट कार्ड प्रयोगकर्ताहरुले १५ प्रतिशतवा रु.२,००० सम्म र क्रेडिट कार्ड प्रयोगकर्ताहरुले २० प्रतिशतवा रु.२,५०० सम्म छुट पाउने छन् । बैंकका कार्ड बाहक ग्राहकहरुले छुट पाउनका लागि दराज एपबाट ग्लोबल आइएमई बैंकको कार्डको छुट भौचर संकलन गर्नुपर्ने छ । यी भाउचरहरू चेकआउट प्रक्रियाको क्रममा स्वचालित रूपमा लागू हुनेछन् । ग्लोबल आइएमई बैंकले दराज अनलाइन स्टोरसँग समन्वय गरी आफ्ना डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ताहरुलाई सहज, निरन्तर तथा इनामदायी किनमेल अनुभव सुनिश्चित गर्दै आएको छ । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ ।



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक बेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई